जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३० अंक १४५ २०७७ साल पुस २२ गते बुधबार (6 Jan. 2021 Wednesday) मूल्य रु. ५/-

**Log on : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : लाइसेन्स परीक्षाका लागि ... ३ पृष्ठमा : हुलाकी सडक निर्माणसँग.. ३ पृष्ठमा : बेलायतमा फेरि लकडाउन...

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- घर निर्माण गर्दा, भत्काउँदा वा मर्मत गर्दा लापरवाही गर्नेलाई एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने,
- निर्माणको काम गर्दा निर्धारित मापदण्ड वा गुणस्तरको माल प्रयोग नगरेमा वा मालको परिमाण घटीबढी पार्नेलाई दश वर्षसम्म कैद र एक लाख रुपैयाँसम्म जरिबाना हुने,
- आपूर्तिको काम गर्दा कमसल वा घटी परिमाणमा माल, वस्तु वा सेवा आपूर्ति गर्नेलाई पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिबाना हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# ट्रकको ठक्करबाट साइकल यात्रीको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, २१ पुस ।**

सप्तरीको रुपनी गाउँपालिका ६ स्थित बिरेन्द्र बजार खण्डमा सोमबार राती ट्रकको ठक्करबाट एक साइकल यात्रीको मृत्यु भएको छ ।

पूर्वपश्चिम राजमार्ग अन्तरगत सो सडकखण्डमा राती ९ बजेतिर पश्चिमबाट पूर्वतर्फ जाँदै गरेको मालबाहक ट्रकले बिपरित दिशाबाट आउँदै गरेको साइकल यात्रीलाई ठक्कर दिएको थियो ।

ठक्करबाट गम्भिर घाइते भएका सप्तरीको विष्णपुर गाउँपालिका १ बाजिदपुरका ३५ वर्षिय राजकुमार खत्वे मण्डललाई उपचारका लागि युनिक अस्पताल लैजादै गर्दा बाटोमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी भुवनेश्वर साहले जानकारी दिएका छन् ।

यता ठक्कर दिई भागेका ट्रकका चालक बिराटनगर उपमहानगरपालिका ६ निवासी तथा ट्रकलाई पनि घटनास्थल भन्दा ४ किलोमिटर टाढाँ महुली क्षेत्रबाट नियन्त्रणमा लिएको प्रहरीले जनाएको छ ।

प्रहरीले थप अनुसन्धानका लागि भन्दै ठक्कर दिने गाडीको नम्बर तथा चालकको नाम खुलाएको छैन् । वाक्लो हुस्सुकाबीच तिब्र गतिमा गाडी चलाउँदा सो दुर्घटना भएको प्रहरीको भनाई छ ।

यसअघि दुर्घटनाको खबर पाएलगत्तै प्रहरीले घटनास्थलदेखी भारदहसम्म सडकमा गुडिरहेका गाडी रोकेर चेकजाच गर्दा ठक्कर दिने गाडीको चक्कामा लागेको रगतको आधारमा गाडीको पहिचान भएको थियो । गाडीका चालकले ठक्कर दिएको कुरा स्विकार समेत गरेको डिएसपी साहले जानकारी दिए ।

# नेकपा प्रदेश २ का नेताबाट मण्डललाई हटाइयो, दलका नेतामा महतो चयन

**दैनिक समाचारदाता**
**धनुषा, २१ पुस ।**

प्रधानमन्त्री केपी ओलि निकट मानिने नेकपाले प्रदेश २ का संसदीय दलका नेता सत्यनारायण मण्डललाई नेकपा प्रचण्ड-माधव समूहको मंगलबार हटाएको छ ।

मण्डलबिरुद्ध अविश्वासको प्रस्ताव दर्ता गरेको सो समूहले मंगलबार संसदीय दलको बैठक बोलाएर अविश्वासको प्रस्ताव पारित गर्दै मण्डललाई संसदीय दलबाट हटाउँदै शत्रुधन महतोलाई दलको नेता चयन गरेको छ ।

नेकपाको कुल ३२ सांसदमध्ये १८ जना सांसदले हस्ताक्षर गरी मण्डलबिरुद्व अविश्वासको प्रस्ताव दर्ता गराएका थिए । महतोलाई दल नेता चयन गर्न बहुमत १९ जना सांसदको हस्ताक्षर संकलन गरिएको सांसद गोबिन्द न्यौपानेले जानकारी दिएका छन् ।

# छिन्नमस्तामा जसपाको अगुवा कार्यकर्ता भेला सम्पन्न



**दैनिक समाचारदाता**
**राजविराज, २१ पुस ।**

जनता समाजवादी पार्टी नेपाल छिन्नमस्ता गाउँपालिका समितिले मंगलबार अगुवा कार्यकर्ता भेला सम्पन्न गरेको छ ।

प्रधानमंत्री केपी ओली र राष्ट्रपति विद्यादेवी भण्डारीद्वारा प्रतिनिधि सभा विघटन गरि असंवैधानिक कदम चालेको बिरुद्धमा जसपाको केन्द्रीय कार्यक्रम अन्तर्गत आन्दोलनको तयारीका लागि सो भेला सम्पन्न गरेको जनाइएको छ ।

सम्पन्न भेलाले आगामी कार्यक्रमको तयारी स्वरूप स्थानीय स्तरमा वडा स्तरीय भेला र बिरोधका कार्यक्रम समेत तय गरेको छ ।

पार्टीका केन्द्रीय, प्रदेश, जिल्ला, गापा, वडास्तरिय नेता, निर्वाचित जनप्रतिनिधि, युवा, विद्यार्थी, महिला नेतालगायतको उपस्थितिमा बिरोधका कार्यक्रम तय गरिएको विद्यार्थी नेता किशोर कुमार यादवले जानकारी दिएका छन् ।

# नेकपा प्रचण्ड माधव समूहको क्षेत्रिय संघर्ष समिति गठन



**दैनिक समाचारदाता**
**राजविराज, २१ पुस ।**

सप्तरी क्षेत्र न. २ को क्षेत्रिय भेलाबाट महेश प्रसाद यादवको संयोजकत्वमा ७ सय ५१ नेकपा प्रचण्ड माधव समूहको संघर्ष समिति गठन गरिएको छ ।

स्थानीय तहका निर्वाचित पदाधिकारी, पार्टी कमिटिका पदाधिकारी, क्षेत्र भित्र रहेका जवस मोर्चाका सम्पुर्ण पदाधिकारीहरु रहने संयोजक यादवले जानकारी दिएका छन् । निरन्जन झालाई उपसंयोजक तोकिएको छ । यस्तै ५१ सदस्यीय रहने गरि सचिवालय समेत तोकिएको छ ।

सभालाई सम्बोधन गर्दै पुर्व मन्त्री उमेश यादवले महान जनयुद्ध, मधेश आन्दोलन र संयुक्त जनआन्दोलनको बलमा स्थापित गणतन्त्रलाई प्रधानमन्त्री ओलीले असंवैधानिक कदम चालेर प्रतिगमनकारीको मतियार भएको आरोप लगाएका छन् ।

पुर्व मन्त्री उमेश कुमार यादवको संयोजनमा आयोजित सो भेलामा जिल्ला कमिटिका सदस्य प्रताप नारायण चौधरी, प्रदेश सदस्य छेदी रजक, प्रदेश सभा सदस्य प्रमिला यादव, जिल्ला सदस्य दिपेन्द्र माझी, राष्ट्रिय युवा संघ सप्तरीका संयोजक बिनोद कुमार यादव, मुस्लिम संघका जिल्ला अध्यक्ष मो.डोमन लगायतका बक्ताहरुले संविधानको रक्षा र असंवैधानिक कदम विरुद्ध सबै एक जुट भएर लाग्नुपर्नेमा जोड दिएका थिए ।




# करेन्ट लागेर जंगली भालुको मृत्यु

गाईघाट, २१ पुस (रासस) ।

उदयपुर जिल्लाको कटारी नगरपालिकास्थित मिर्चैया-कटारी चुरेखण्डको जङ्गलमा हाइटेन्सन भोल्टेजको विद्युत् तारको करेन्टका कारण जङ्गली भालुको मृत्यु भएको छ । डिभिजन वन कार्यालय त्रिवेणी कटारीका अनुसार सिरहाको मिर्चैयाबाट कटारी खण्डमा विस्तार गरिएको उक्त विद्युत् तारबाट चिसो जमिनमा करेन्ट प्रवाह हुँदा सोमबार चुरे जङ्गलमा एक भालुको मृत्यु भएको हो ।

डिभिजन वन त्रिवेणीका सहायक वन अधिकृत हीरालाल शर्माले मिर्चैयाबाट हाइटेन्सनको भोल्टेजबाट कटारी क्षेत्रमा विस्तार गरिएको विद्युत्को तार चुरे जङ्गलका केही भाग र जमिनमा समेत प्रवाह हुने गरेका कारण सो क्षेत्रमा घुम्दै आएको जङ्गली भालु मृतावस्थामा भेटिएको बताउनुभयो । नाङ्गो तार र चिसो जमिन तथा हरियो रुख बिरुवा तारमा जोडिने गरेका कारण जङ्गल क्षेत्रमा विद्युत्को उचित व्यवस्थापन नहुँदा यस क्षेत्रमा यस्ता घटना पटक-पटक घटिसकेको सहायक वन अधिकृत शर्माले बताउनुभयो । समयमै सम्बन्धित निकाय र विद्युत् प्राधिकरणले यस्ता समस्याको सामाधान नगरे अन्य घटना पनि घट्न सक्ने कटारी त्रिवेणीका स्यानीयवासी घनश्याम कार्कीले बताउनुभयो ।

# रुपनगर बजारमा चोरी

**दैनिक समाचारदाता**
**राजविराज, २१ पुस ।**

सप्तरीको कंचनरुप नगरपालिकास्थित रुपनगर बजारमा सोमबार राती दुईवटा पसलमा चोरी भएको छ ।

कंचनरुप नगरपालिका १२ रुपनगर बजारमै रहेको बृषबहादुर भुजेल र लक्ष्मी दाहालको पसलमा चोरी भएको प्रहरीले जनाएको छ ।

मंगलबार बिहान पसल खोल्न आउँदा मात्र चोरी भएको पसलेहरुले थाहा पाएको बताएका छन् । पसल फुटाएर चोरले दुबै पसलबाट गरि करिब ३५ हजार मुल्य बराबरको चाउचाउ, साबुन, चुरोट, बिडी, ब्याट्री, पान मसाला लगायतका सामाग्रि लगेको प्रहरीको भनाई छ ।

## सम्पादकीय

# फोहरी खेल नखेलौं, सचेत रहौं

मुलुकमा वर्तमान राजनीतिक अस्थिरताका कारण सबै क्षेत्रमा यसको असर देखा पर्न थालेको छ । नेकपाको आन्तरिक विवादले उब्जाएको समस्याले सिंगो मुलुकलाई नै राजनीतिक अस्थिरतामा पुऱ्याएको छ । दुई अध्यक्षबीचको आन्तरिक लडाईका कारण जनताले दुःख पाइरहेको अवस्था रहेको छ । प्रधानमन्त्रीले संसद विघटन गर्ने गरेको प्रस्तावलाई राष्ट्रपतिले अनुमोदन गरेपछि सबै नेकपा भित्रैबाट बिरोधाभास भएको र अन्य राजनीतिक दल पनि आन्दोलित भएका छन् ।

यसरी कुनै पार्टीको आन्तरिक द्वन्दले मुलुक नै संकटमा पर्ने कुराप्रति कोही पनि विश्वस्त थिएन् । तर नसोचेको कुरा भएकोमा सबै संशकित भएका छन् । यति मात्र नभएर नेकपाको सरकार रहेको प्रदेशहरुमा अहिले समूहगत रुपमा अविश्वासको प्रस्तावदेखी संसदलाई कारवाही गर्ने समेत काम सुरु भएको छ । यो एउटा राजनैतिक रुपमा फोहरी खेलको सुरुवात पनि भएको छ । यसले कसैलाई भलो नहुने बरु मुलुकलाई झन द्वन्दको अवस्थामा धकेल्ने कामको सुरुवात भएको देखिन्छ ।

तसर्थ यस्ता राजनीतिक फोहरी खेललाई त्यागेर जनताले दिएको जनमतको कदर गर्न पार्टीले एक पटक सोच्नै पर्ने आवश्यकता रहेको छ । अनि मात्र आउँदो दिनमा जनताले कुनै पनि पार्टी विश्वास गर्न सक्नेछन् । होइन् भने जनता जनार्धन हुन् उसले आउँदो निर्वाचनमा कस्तो परिणाम दिने हो भन्ने कुरामा कुनै पार्टी विश्वस्त रहनेछैनन् ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# लाइसेन्स परीक्षाका लागि अनलाइन फाराम सीमित

काठमाडौँ, २१ पुस (रासस) ।

चालक अनुमतिपत्रको लिखित तथा प्रयोगात्मक परीक्षाको लागि अनलाइन फाराम भर्न प्राविधिक समस्या आउँदा सेवाग्राही समस्यामा परेका छन् ।

यातायात व्यवस्था विभागले अनलाइन फाराम भर्नका लागि सर्भरमा समस्या आएपछि मरमत जारी रहेको र छिट्टै सञ्चालनमा आउने जनाएको छ । विभागले दशमहिनापछि यही पुस १९ गतेबाट वाग्मती प्रदेशमा चालक अनुमति पत्रका लागि प्रयोगात्मक परीक्षा खुला गरेको थियो ।

विभागका महानिर्देशक गगन हमाल र प्रधानमन्त्रीका सूचना प्रविधिविज्ञ अस्कर अलिलाई अनलाइन फारम भर्न सहज वातावरण मिलाउनुपर्ने माग गर्दै सोमबार यातायात विज्ञ देवेन्द्र प्रधान र ज्ञानेन्द्र शाहीले ध्यानाकर्षण गराउनुभएको छ । चन्द्रागिरि नगरपालिका वडा १२ बलम्बूस्थित गुर्जुधारामा रहेको भेहिकल एकेडेमी एण्ड रिसर्च सेन्टरका सञ्चालक समेत रहनुभएका प्रधानले चालक अनुमतिपत्रका लागि अनलाइन फारम भर्न सहज नभएका कारण सेवाग्राही समस्यामा परेका बताउनुभयो । उहाँले भन्नुभयो "बल्ल बल्ल दश महिनामा प्रयोगात्मक परीक्षा खुला भयो । लाइसेन्स परीक्षाका लागि अनलाइन फाराम भर्न प्राविधिक समस्या र झन्झटिलो भयो । यसलाई सहज बनाउन जरुरी छ । तत्काल यातायात व्यवस्था विभागले ध्यान दिनुपर्छ ।"

यातायात व्यवस्था विभाग अन्तर्गत ठूलो भऱ्याङ कार्यालयले हाल दैनिक साना ठूला गरी तीनसय जनाले मात्र अनलाइन फारम भर्ने व्यवस्था मिलाएको जनाइएको छ । अनलाइन फरम सीमित गरिँदा सेवाग्राही समस्यामा परेको विज्ञ प्रधानले बताउनुभयो । कार्यालयले अनुमतिपत्रका लागि लिखित परीक्षा पास गरी प्रयोगात्मक परीक्षाका लागि बाँकी रहेका ८१५ जनालाई प्रयोगात्मक परीक्षाको व्यवस्था मिलाएको छ ।

यसका लागि सो भेहिकल एकेडेमीले परीक्षा सञ्चालन गरिहेको छ । नेपालको सबैभन्दा ठूलो र सुबिधा सम्पन्न सो एकेडेमी ३२ रोपनी जग्गामा फैलिएको छ । एकेडेमीमा सबै प्रकारका यातायातका साधनका लाइसेन्सका लागि प्रयोगात्मक परीक्षाका लागि पूर्वाधार तथा प्रशिक्षणका लागि सुबिधा रहेको छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले कोभिड -१९ का लागि निर्धारण गरेको स्वास्थ्य मापदण्डलाई पालना गर्दै एकेडेमीमा प्रयोगात्मक परीक्षा शुरु भएको एकेडेमीका अध्यक्ष राजेश घिमिरेले जानकारी दिनुभयो । उहाँका अनुसार प्रयोगात्मक परीक्षार्थीका लागि सामाजीक दूरी, ज्वरो मापन, स्यानिटाइजर तथा मास्क अनिवार्य गरिएको छ ।

सरकारले अबलम्बन गरेको सहकारी, सार्वजनिक र निजी क्षेत्र सहभागि तीनखम्बे अर्थनीति अनुसार विसं २०७३ मा एकेडेमी स्थापना भएको थियो । ऐकेडेमीमा दुई पाङग्रे, चारपाङग्रे तथा ठूला सबै प्रकारका सवारी साधनको प्रयोगात्मक परीक्षा दिन तथा प्रशिक्षण व्यवस्था रहेको एकेडेमीका सञ्चालक रामनारायण घिमिरेले जानकारी दिनुभयो ।

यातायात व्यवस्था कार्यालय ठूलो भऱ्याङ्का प्रमुख सञ्जय थापाले चालक अनुमति पत्रलिन अनलाइन फारामलाई व्यवस्थित गरिने जानकारी दिनुभयो । उहाँले भेहिकल एकेडेमी एण्ड रिसर्च सेन्टरको अवलोकन गर्दै कोरोनाका कारण लिखित परीक्षा पास भएका प्रयोगात्मक परीक्षा बाँकी रहेकाको एकेडेमीमा प्रयोगात्मक परीक्षा सञ्चालन हुने बताउनुभयो ।

# लापरवाही गर्ने निगमका कर्मचारीलाई कारवाही

काठमाडौँ, २१ पुस (रासस) ।

नेपाल वायु सेवा निगम ( नेपाल एयरलाइन्स) ले जिम्मेवारीमा लापरवाही गर्ने मलेशिया स्टेशनका कर्मचारीलाई कारवाही गरेको छ । निगमको मलेशियास्थित स्टेशनमा कार्यरत कर्मचारीबाट गम्भीर लापरवाहीका कारण निगमको जहाजमार्फत काठमाडौँ आएका एक यात्रुको कोरोना रिपोर्ट पोजेटिभ पाइएपछि निगमले मलेशिया स्टेशनमा सधैँका लागि जान नपाउने गरी फिर्ता बोलाएको हो ।

गत डिसेम्बर ३० तारिखका दिन मलेशियाबाट काठमाडौँ आएको निगमको उडान नं ४०१६ जहाज बिहान ९:०० बजे त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण गरेको थियो । विमानस्थलको स्वास्थ्य कक्षमा यात्रुको पिसिआर रिपोर्ट जाँच गर्दा एक यात्रुले पोजेटिभ रिपोर्ट लिएर आएको फेला परेपछि विमानस्थलमा हल्लाखल्ला मच्चिएको थियो ।

निगमको न्यारोबडी ए ३२० जहाजमा १४५ यात्रु आएका थिए । ती पोजेटिभ यात्रुसहित ५४ जनालाई अहिले होटल क्वारेन्टिनमा राखिएको छ भने बाँकी ९१ जनालाई घर पठाइएको थियो । सो घटनामा निगमको मलेशिया स्टेशनका कन्ट्री म्यानेजर नरेशकुमार श्रेष्ठ, स्टेशन म्यानेजर युवराज आचार्य र फाइनान्स म्यानेजर इन्द्र थापालाई निगमले स्पष्टीकरण सोधेको थियो । चित्तबुझ्दो जवाफ नआएपछि उनीहरुलाई फिर्ता बोलाउनुका साथै होटल क्वारेन्टिनमा बस्ने यात्रुको सम्पूर्ण खर्च दामासायीले असुल उपर गर्ने गरी कारवाही गरेको हो ।

निगमको आन्तरिक तथा बाह्य स्टेशनका लागि खट्ने जनशक्तिको व्यवस्था गर्न गठित पोष्टिङ कमिटीले स्पष्टीकरण सोधेको थियो । यो कमिटी महाप्रबन्धकको संयोजकत्वमा मानव संशाधन विभागका उपनिर्देशक, अर्थ विभागका निर्देशकसहित छ सदस्यीय स्थायी प्रकृतिको हुन्छ । कमिटीको पुस १७ को बैठकले कोभिड पोजेटिभ भएका यात्रु आउनुमा निगमका स्टेशनमा खटिएका कर्मचारीको गम्भीर लापरवाही देखिएको भन्दै यसले निगमको साख मात्र नभई

*बाँकी तीन पृष्ठमा*

## हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी

- कोरोना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो।
- संक्रमित भएको ब्यक्तिले खोक्दा वा हाच्छु गर्दा निस्किने थुक, खकार रसिङ्गानबाट यो भाइरस एक ब्यक्तिबाट अर्को ब्यक्तिमा सर्न जान्छन्।

**यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ**

- खोकी वा हाच्छु गर्दा मुख छोप्नुपर्छ। मुख छोपेको टिसूपेपरलाई फोहोर राख्ने भाडामा फाल्नुपर्छ।
- समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाईजर हातमा लगाउनुपर्छ। कुनै ब्यक्तिसँग भेट्नुपरेमा हात मिलाउनु हुँदैन, बरू हात जोडेर नमस्कार गरौं।
- खोकी लागेको ब्यक्तिबाट दुरी बनाउनुपर्छ। यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफु पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ।
- भिडभाडमा जानु हुँदैन र अरूलाई पनि भिडभाडमा जान नहुने भनि बुझाउनुस।
- आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस।

**महत्वपूर्ण सवाल :**

- ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ।
- कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न नि:शुल्क टेलिफोन नम्बर १११५ मा फोन गर्न सकिन्छ।
- कोरोना भाइरसबाट डराउनु हुँदैन, बरू सतर्कचाहिं हुनुपर्छ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# हुलाकी सडक निर्माणसँगै स्वरुप फेरिँदै ग्रामीण बजार

राजु विश्वकर्मा

लहान, २१ पुस (रासस)।

कुनै बेला साँघुरो सडक र सडकै छेउमा फुसको छाप्रो, त्यसभित्र सानासाना पसल मात्रै देखिने सिरहाको बरियारपट्टी बजारको स्वरुप यति बेला फेरिएको छ। बजारको स्वरुप फेरिएसँगै त्यहाँका स्थानीयवासीमा पहिलाको भन्दा अचेल बेग्लै खालको उत्साह देखिन थालिएको छ।

“पहिलापहिला बजार क्षेत्रमा साघुँरो सडक र फुसको छाप्रो, त्यहीँभित्र साना साना व्यवसायी मात्र थियो”, बरियारपट्टीका विनोद यादवले भन्नुभयो, “तर अहिले सडक फराकिलोसँगै ठूलठूला पक्की भवन र ठूलो पूँजीका पसल खुल्न थालेको छ।”

विगतमा दुर्गम क्षेत्रको रुपमा परिचित सिरहाकै औरही बजार अहिले सुगम क्षेत्रको रुपमा आफ्नो पहिचान फेर्न लागेको छ। यसरी छोटो समयमै सिरहाका ग्रामीण क्षेत्रमा आएको परिवर्तन अन्य कुनै कारणले नभई मधेशकै ‘लाइफलाइन’को रुपमा मानिएको हुलाकी सडक निर्माणसँगै सम्भव भएको हो। नेपालकै पुरानो राजमार्गमध्ये पूर्व-पश्चिम हुलाकी सडकअन्तर्गत सिरहा र सप्तरी खण्डमा निर्माण कार्य तीव्र रुपमा अघि बढेसँगै सिरहा र सप्तरीका ग्रामीण क्षेत्र सुगम क्षेत्र बन्दै गएको छ।

हुलाकी सडकको निर्माणको काम शुरु भएपछि सो भेगका सर्वसाधारण खुशी भएका छन्। हुलाकी सडक निर्माण भएपछि मधेसको विकासले गति लिनुको साथै हजारौं युवामा रोजगारीको अवसर सिर्जना हुने स्थानीयवासीको विश्वास छ। “हुलाकी सडक जीर्ण हुँदा सर्वसाधारण सास्ती बेहोर्दै आएका थियौं”, सिरहाको भगवानपुर गाउँपालिकाका श्याम यादवले भन्नुभयो, “हुलाकी सडक निर्माण भएपछि सदरमुकाम सिरहासम्म पुग्न सहज भएको छ।”

हुलाकी सडक विस्तार र स्तरोन्नतिको कामले सिरहाको आधा दर्जन स्थानीय तहको विकासमा ठूलो टेवा पुग्ने बरियारपट्टी गाउँपालिका अध्यक्ष सन्तोष मेहताले बताउनुभयो। “हुलाकी सडक निर्माणले यहाँका जनतालाई सदरमुकाम सिरहा बजार र प्रदेश नं २ को राजधानी जनकपुरसम्म जान नजीक भएको र यसबाट विकासको अन्य ढोका खुल्दै गएको छ।” किसानले उब्जाएको उत्पादन सहजै रुपमा सिरहा बजार र लहान बजारसम्म पठाउन सकिने भएको गाउँपालिका अध्यक्ष मेहताको भनाइ छ।



हुलाकी सडकको निर्माणले समग्र सिरहाकै मुहार परिवर्तन हुने कुरामा स्थानीयवासी मात्रै होइन, अन्य जनप्रतिनिधि पनि आशावादी देखिएका छन्। “हुलाकी राजमार्ग बनेपछि जग्गा जमीनको मूल्याङ्कन बढ्दै गएको छ”, सिरहाको औरही गाउँपालिकाका अध्यक्ष सिद्धार्थ यादवले भन्नुभयो, “पहिला मुस्किलले रु २० लाख प्रतिकट्ठा बिक्री हुने जग्गा अहिले रु ६० देखि ७० लाख कट्ठामा बिक्री हुन थालेको छ, यो हुलाकी सडक निर्माण भएकै कारण भएको हो।” सडक पूर्ण रुपमा निर्माण भएर यातायातको सुविधा पुगेपछि अझ बढ्न सक्ने उहाँको कथन छ।

हुलाकी सडकको निर्माणसँगै सिरहासँगै सप्तरीको ग्रामीण भेगको बजारमा व्यापार विस्तारै फस्टाउँदै गएको व्यापारी बताउनुहुन्छ। “सडक निर्माणका कारण गाउँ र बजारको दूरी घटेको छ, गाउँका स्थानीय बजारमा आएर सहज रुपमा किनबेच गरिरहेकाले व्यापार बढ्केको छ”, सप्तरीको बोदे बसाइनका व्यापारी दीपेन्द्र मण्डलले भन्नुभयो, “पहिला सडक जीर्ण हुँदा गाउँबाट बजार आउन स्थानीयलाई समस्या हुन्थ्यो, अहिले बजारसम्म आउन सहज भएको छ, त्यसैले बिक्री बढेको छ।” सडक निर्माणले गाउँ र बजारलाई जोड्ने काम गरेको मण्डलको भनाइ छ।

पूर्वमा सप्तरी सदरमुकाम राजविराजदेखि पश्चिममा सदरमुकाम सिरहा बजारसम्म करीब ५४ किलोमिटरको सो सडकमा पुलसँगै सडक निर्माणको काम तीव्र रुपमा भइरहेको छ। पूर्वतर्फ राजविराजदेखि पश्चिम बलानसम्मको सप्तरी खण्डमा करीब १७ किलोमिटर सडक कालोपत्रे गरिसकेको निर्माण कम्पनी रौता श्रेष्ठ दिवा जेभीका कन्ट्याक्ट म्यानेजर कमलप्रसाद यादवले जानकारी दिनुभयो।

बाँकी सडकमा समेत कालोपत्रे गर्ने स्तरसम्मको काम भइसकेको र धमाधम कार्य भइरहेको कन्ट्याक्ट म्यानेजर यादवले बताउनुभयो। करीब २५ किलोमिटरको सो खण्डमा अहिले ११ वटा पुलको निर्माण कार्य अन्तिम चरणमा पुगेको उहाँको भनाइ छ। डिभिएम सात मिटर र दुवै छेउको सोलजर दुई/दुई मिटर गरी ११ मिटरको सडक निर्माण भइरहेको छ।

विसं २०७७ असार मसान्तभित्र सडकको सबै काम सम्पन्न गर्ने लक्ष्य भए पनि सडक निर्माणका क्रममा विभिन्न स्थानका स्थानीयवासीले जग्गा विवादलाई लिएर अदालतमा मुद्दा हालेको र समयमा पुल निर्माण नहुँदा काम अपेक्षाकृत रुपमा अघि बढाउन नसकिरहेको म्यानेजर यादवको कथन छ।

यस्तै पूर्व बलानदेखि पश्चिम सदरमुकाम सिरहासम्मको २९ किलोमिटर सडकमा निर्माणको तीव्र रुपमा भइरहेको छ। सो सडक निर्माणको ठेक्का लिएको स्वच्छन्द रोशन महादेव खिम्ती जेभी जनकपुर उपमहानगरपालिका-४ धनुषाले निर्धारित समयमै सकिने गरी तीव्र रुपमा काम भइरहेको जनाएको छ। दुई लेनको सो सडक सडक कालोपत्रे गर्न रु एक अर्ब २० करोड २० लाखमा सम्झौता भएको ठेक्का कम्पनीका इञ्जिनीयर चन्द्र यादवले जानकारी दिनुभयो।

तीन वर्षभित्र काम सकिने गरी सम्झौता भएको र हालसम्म करीब ६५ प्रतिशत कार्य सम्पन्न भइसकेको इञ्जिनीयर यादवले बताउनुभयो। पूर्व-पश्चिम राजमार्गको समानान्तर सीमा हुँदै करीब २० देखि ३० किमी दक्षिणतर्फ भएर फैलिएको हुलाकी राजमार्गलाई राणाकालीन समयदेखि नै चिठ्ठीपत्र ओसारपसार गर्ने हुलाकी हिँड्ने छोटो बाटोको ( यसलाई पदम शमशेरले आगाडि बढाएकाले पदम रोड पनि भनिने गरिन्छ ।) रुपमा प्रयोग हुँदै आएको छ।

पूर्व-पश्चिम राजमार्गबाट मधेसका जिल्ला सदरमुकामसम्म जोड्ने ८१७ किमीका ३२ वटा सहायक राजमार्ग छन्। भारतका तत्कालीन प्रधानमन्त्री चन्द्रशेखरले २०४७ सालमा नेपाल भ्रमणको क्रममा हुलाकी राजमार्ग निर्माणमा भारत सरकारले सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो। भारतीय सहयोगको सैद्धान्तिक सहमति २०६१ सालमा भए पनि नेपालमा २०६२/६३ को परिवर्तनपश्चात भारतले नेपाल सरकारबाट छनोट भएका एक हजार ४४० किलोमिटर सडकको डिजाइन सुपरीवेक्षण र निर्माण तीन चरणमा गर्ने गरी सम्झौता गरिएको थियो।

सम्झौताअनुसार काम गर्न लाग्ने सम्पूर्ण खर्च भारत सरकारले व्यहोर्ने र जग्गा अधिग्रहण, पोल, रुख हटाउने, हुलाकी राजमार्गमा पर्ने सम्पूर्ण पुलको निर्माण नेपाल सरकारले गर्ने प्रावधानको समझदारी भएको थियो। विभिन्न राजनीतिक उतारचढावका कारण हुलाकी सडक निर्माणको कामबीचमै रोकिएको थियो। नेपालले गरेको रेखाङ्कनअनुसार हुलाकी राजमार्गको लम्बाई पूर्वदेखि पश्चिमसम्म एक हजार ७९२ किलोमिटर रहेको छ।

### लापरवाही गर्ने ...

देशकै प्रतिष्ठासँग जोडिएकाले कारवाही गर्नुपरेको निगमले उल्लेख गरेको छ।

यात्रुको खर्च तीन जनाले बेहोर्नुपरे पनि आर्थिक म्यानेजर थापालाई भने फिर्ता बोलाइएको छैन। बाँकी दुई जनालाई नेपाल बोलाइएको छ। मलेशियाको क्वालम्पुर एयरपोर्टमा निगमको ग्राउण्ड ह्याण्डलिङ एजेन्ट ( जिएचए) लाई पनि स्पष्टीकरण सोधिएको निगमले जनाएको छ। शुरुमा जिएचएलाई क्षतिपूर्ति तिराउने र त्यो नभए कर्मचारीबाटै असुलउपर गर्ने निर्णय भएको निगम व्यवस्थापनले जनाएको छ। ती यात्रुलाई काठमाडौंका दुई होटलमा राखिएको छ। पिसिआर परीक्षण र होटलमा बसेर खाएको खर्च बेहोर्नु पर्नेछ।

सो घटना निगमको उडान इतिहासमा पहिलो भएको र सुशासन प्रवर्द्धनका निम्ति पहिलोपटक स्टेशनका कर्मचारीलाई कारवाही गर्नुपरेको पनि निगमले जनाएको छ। यसअघि निगमभित्र विभिन्न विषयमा कर्मचारीले गल्ती गरेपनि समिति बनाएर छुट दिने गरिएकामा यसपटक भने कारवाही गरेर आगामी दिनमा अन्य कर्मचारीबाट पनि गल्ती नहोस् भन्ने उदाहरणीय कार्य व्यवस्थापनले गरेको निगमको दावी छ। तीन महिनाअघि निगमको महाप्रबन्धकको रुपमा जिम्मेवारी सम्हाल्नुभएका डिमप्रकाश पौडेलले संस्थाभित्र सुशासन प्रवर्द्धन र आर्थिक मितव्ययिता अपनाउन आफू कडा रुपमा प्रस्तुत हुने बताउनुभएको थियो।

## विश्व समाचार

### बेलायतमा फेरि लकडाउन घोषणा

लण्डन, २१ पुस (रासस/एपी)।

नयाँ प्रकारको कोरोनाभाइरस फैलिन थालेपछि बेलायतमा फेरि लकडाउन घोषणा गरिएको छ।

प्रधानमन्त्री बोरिस जोन्सनले सोमबार देशव्यापी लकडाउन घोषणा गर्नु भएको हो। उहाँले लकडाउन फेब्रुअरी मध्यसम्म लागू हुने जानकारी दिनुभयो।

कोरोनाभाइरस विरुद्धको खोप प्रयोग गर्ने पहिलो राष्ट्र भएपनि बेलायतमा नयाँ प्रकारको कोरोनाभाइरस तिव्र रुपमा फैलिन थालेको छ। प्रधानमन्त्री जोन्सनले आम नागरिकलाई फेरि पनि घरमै बस्न आह्वान गर्नुभएको छ।

उहाँले अत्यावश्यक कामका लागि मात्रै बाहिर निस्कन आग्रह गर्नुभएको वक्तव्यमा उल्लेख गरिएको छ। गत वर्षको मार्चमा जस्तै उच्च सतर्कता अपनाउनु पर्ने अवस्था रहेको उहाँको भनाइ छ।

“नयाँ प्रकारको भाइरस तिव्ररुपमा फैलिएको छ, त्यसैले यो समय उच्च सतर्कता अपनाउनु पर्ने समय हो,” उहाँले भन्नुभयो।

उहाँले बेलायती अस्पतालमा बिरामीको चाप धेरै हुन थालिसकेको र थप तयारी गर्नु पर्ने अवस्था रहेको पनि उल्लेख गर्नु भएको छ।

एक टेलिभिजनमा बोल्ने क्रममा उहाँले देशभरी फेरि अर्को महामारी फैलिन सक्ने खतरा पनि उत्तिकै रहेको भन्दै चिन्ता व्यक्त गर्नुभयो। मंगलबारदेखि लकडाउन अन्तर्गत प्राथमिक तथा माध्यमिक विद्यालय र कलेज बन्द गर्न लगाइएको छ। भौतिकरुपमा उपस्थित भएर गरिने शिक्षण प्रक्रिया अपनाउँदा कोरोना फैलिन सक्ने खतरा औँल्याइएको छ।

विश्वविद्यालयका विद्यार्थी पनि मध्य फेब्रुअरीसम्म विश्वविद्यालय नफर्किने भएका छन्।

मानिसलाई घरबाटै काम गर्न आग्रह गरिएको छ भने घर छाड्नु पर्ने बाध्यतालाई पनि न्यूनीकरण गर्न भनिएको छ।

अघिल्लो हप्ताको तुलनामा सोमबार कोरोनाभाइरसबाट सङ्क्रमितको सङ्ख्या ३० प्रतिशत बृद्धि भएको छ।

### भारतमा सरकार र किसानका प्रतिनिधिबीच आठौँ चरणको वार्ता

नयाँदिल्ली, २१ पुस (रासस/एएनआई)।

भारतमा केन्द्रीय सरकारका प्रतिनिधि र आन्दोलनरत किसानका प्रतिनिधिका बीचमा सोमबार आठौँ चरणको वार्ता भएको छ।

आठौँ चरणसम्म पनि वार्ता निश्कर्षमा नपुगेकाले नवौँ चरणको वार्ता जनवरी ८ को दिउसो २ बजे गर्ने सहमति भएको छ।

सोमबार विहान सुरु भएको वार्तामा दुवै पक्षले आ आफ्नो अडान नत्यागेको र सहमती हुने नयाँ उपाय नभेटिएकोले सहमति हुन नसकेको अधिकारीहरूले जनाएका छन्।

वार्ताका क्रममा किसानका प्रतिनिधिहरूले कृषि सम्बन्धी तीन ओटै कानुन तत्काल फिर्ता लिनु पर्ने माग राखेका थिए।

वार्तामा सरकारको तर्फबाट मन्त्रीहरू नरेन्द्र सिंह टोमर, पियुष गोयल र सोम प्रकाशसहित सरकारी उच्च अधिकारीहरू सहभागी हुनुभएको थियो।

वार्तामा बसेका किसानका प्रतिनिधिहरूले प्रदर्शनका क्रममा निधन भएका किसानको स्मृतिमा दुई मिनेट मौन धारण गरेका थिए।

वार्तापछि भारतीय किसान युनियनका प्रवक्ता राकेश टिकैटले आफ्ना मागहरू पुरा नहुँदासम्म सहमत हुन नसकिने भएकाले वार्ता टुंगोमा नपुगेको जानकारी दिनुभयो।

भारतमा कृषिसम्बन्धी तीन ओटा कानून तत्काल फिर्ता हुनु पर्ने माग गर्दै किसानहरूले एक महिनाभन्दा बढी समयदेखि आन्दोलन गरिरहेका छन्।

### चर्चित व्यक्तिहरूलाई कोरोनाको खोप लगाएपछि पोल्याण्डमा आन्दोलन

वार्सा, २१ पुस (रासस/एएफपी)।

पोल्याण्डको राजधानी वार्सामा रहेको एउटा अस्पतालमा आन्दोलनकारीले आगजनी गरेका छन्।

चर्चित व्यक्ति तथा राजनीतिज्ञहरूलाई खोप लगाउन प्राथमिकता दिइएको भन्दै रुष्ट नागरिकले अस्पतालमा आगजनी गरेका हुन्।

युरोपेली मुलुक पोल्याण्डमा गत डिसेम्बर २७ तारिखदेखि कोरोनाविरुद्धको खोप लगाउन थालिएको छ। खोपका लागि स्वास्थ्य सेवाका सक्रियलाई पहिलो प्राथमिकता दिने निर्णय सरकारले गरेको थियो।

तर वार्सा मेडिकल युनिभर्सिटीले भने अरु केही चर्चित व्यक्तिहरूलाई पनि लगाइदिएको थाहा पाएपछि आम नागरिक रुष्ट भएका हुन्।

अहिलेसम्म ४५० जनालाई खोप लगाइएकोमा तीन सय जना स्वास्थ्य सेवाका कर्मचारीहरू रहेका छन् भने बाँकी अन्य क्षेत्रका व्यक्तिहरू रहेको जनाइएको छ। यो सूचीमा केही राजनीतिज्ञहरू समेत रहेका छन्।

सरकारले पक्षपात र असन्तुलित व्यवहार गरेकोमा सत्तारुढ दलसहितका दलहरूले पनि आलोचना गरेका छन्।

# प्रतिनिधिसभाको घाँटी अठ्याएर हत्या गर्ने प्रयास : माधव नेपाल




**दैनिक समाचारदाता**
**काठमाडौं, २१ पुस ।**

नेकपा प्रचण्ड-माधव समूहका अध्यक्ष माधवकुमार नेपालले प्रधानमन्त्री केपी शर्मा ओलीले प्रतिनिधिसभाको घाँटी अठ्याएर हत्या गर्ने प्रयास गरिरहेको आरोप लगाएका छन् ।

जनता समाजवादी पार्टीले आयोजना गरेको अन्तरक्रिया कार्यक्रममा पूर्वप्रधानमन्त्री नेपालले बुहमत प्राप्त प्रधानमन्त्रीलाई संसद विघटनको अधिकार नभएको समेत बताएका छन् ।

प्रधानमन्त्री ओलीले मलाई पार्टीभित्रबाटै काम गर्न दिइएन, घेराबन्दी गरियो । त्यसैले संसद विघटन गर्न बाध्य भएँ भन्ने तर्क गरेको उल्लेख गर्दै उनले भने, 'जनताको समस्यालाई बेवास्ता गरेर भ्रष्टाचार मैलाउन काममा भूमिका खेल्दा, लोकतान्त्रिक मूल्यमान्यता कुल्चिएर चल्दा पार्टीभित्रबाट विरोध भएकै हो ।

प्रधानमन्त्रीले देशभित्र र बाहिर के प्रभाव पर्छ भन्ने विचार नगरी बोल्दा आफूहरुलाई पोल्ने र टाउको उठाएर ताली बजाउने होइन, शिर निहुर्याएर झोक्रिने अवस्था आएको उनले भने । नेता नेपालले भने, 'किनभने हामीले नै बोकेर ल्याएको नेता, मैले नै प्रस्तावित गरेको प्रधानमन्त्री अब घाँडो हुन पुगेको थियो ।'

# अनेरास्ववियूद्वारा दोस्रो चरणको आन्दोलनका कार्यक्रम घोषणा

**दैनिक समाचारदाता**
**काठमाडौं, २१ पुस ।**

नेकपा प्रचण्ड माधव समूहको भ्रातृ संगठन अनेरास्ववियूले प्रतिनिधिसभा विघटनको विरुद्धमा दोस्रो चरणको आन्दोलनका कार्यक्रम घोषणा गरेको छ ।

प्रचण्ड माधव पक्षको अनेरास्ववियूले मंगलबार पत्रकार सम्मेलन आयोजना गरी दोस्रो चरणको आन्दोलनका कार्यक्रमहरु घोषणा गरेको हो ।

अनेरास्ववियूले पुस २१ गतेदेखि सरकारका मन्त्रीहरुलाई कालो झण्डा प्रदर्शन गर्ने, २१ गतेदेखि नै प्रत्येक क्याम्पसहरुमा कालो ब्यानर राख्ने र कोणसभा आयोजना गर्ने भएको छ ।

पुस २२ गते उपत्यकामा लाल्टिन जुलुस निकाल्ने उपत्यकाबाहिर लाल्टिन, सिट्ठी, लाठी जुलुश प्रदर्शन गर्ने, पुस २३ गते देशव्यापी रुपमा प्रधानमन्त्री केपी शर्मा ओलीको पुत्ला दहन गर्ने, पुस २४ गते जिल्ला प्रशासन कार्यालयमा ज्ञापनपत्र बुझाउने तथा धर्ना कार्यक्रम गर्ने तय गरेको छ ।

त्यसैगरी, पुस २५ गते सडक बहस कार्यक्रम गर्ने, पुस २६ गते बयलगाडा प्रदर्शन गर्ने, पुस २७ गते प्रतिगमनविरुद्ध सडक कविता, गीत, गजल वाचन कार्यक्रम गर्ने, पुस २८ गते सडक नाटक तथा सडक कला प्रदर्शन गर्ने र पुस २९ गते सडकमा प्लेकार्डसहित कार्टुन प्रदर्शन गर्ने भएको छ ।

त्यस्तै अनेरास्ववियूले शैक्षिक संघर्षका कार्यक्रमहरु पनि घोषणा गरेको छ । संघीय संसद्बाट सर्वसम्मत रुपमा जारी गरिएको कालापानी, लिपुलेक र लिम्पियाधुरासहितको नक्सामा भएको भूमि फिर्ता गर्न र उक्त भूमिसहित शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले प्रकाशित गरेको पाठ्य सामग्री तत्काल वितरण गर्न दबाब दिने भएको छ ।

कक्षा ११ को पाठ्यक्रममा देखिएको अन्योलता तत्काल अन्त्य गर्न दबाबमूलक कार्यक्रम सञ्चालन गर्ने, कोभिड-१९ का कारण अवरुद्ध परीक्षा तत्काल सुरु गर्न र अनलाइन कक्षाको नाममा मनपरी ढंगले लिएको शुल्क खारेज गर्न आन्दोलन समेत गरिने जनाइएको छ ।

# थप ५ सय २२ संक्रमित

काठमाडौं, २१ पुस (रासस) ।

नेपालमा थप ५२२ जना कोभिड-१९ का संक्रमित भेटिएका छन् । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार गत २४ घण्टामा देशभर चार हजार ५५१ जनाको पिसिआर परीक्षण भएकोमा ३३८ पुरुष र १८४ महिला गरी ५२२ मा कोरोना पुष्टि भएको हो । गत २४ घण्टामा काठमाडौँ उपत्यकामा १३९ पुरुष र ९३ महिला गरी २३२ संक्रमित भेटिएका छन् ।

हालसम्म देशभर कोरोना संक्रमितको कूल संख्या दुई लाख ६२ हजार ७८४ पुगेको छ । अहिले देशभार पाँच हजार २२५ कोरोना संक्रमित छन् । पछिल्लो २४ घण्टामा ५७८ जना सङ्क्रमणमुक्त भएर घर फर्किएका छन् । योसहित कोरोना संक्रमणमुक्त हुनेको संख्या दुई लाख ५५ हजार ६६६ पुगेको छ । निको भएको दर ९७ दशमलव ३ प्रतिशत रहेको छ । गत २४ घण्टामा कोरोन संक्रमणबाट थप आठ जनाको मृत्यु भएसँगै कूल मृतक संख्या एक हजार ८९३ पुगेको छ । अहिले २०३ आइसियु र ४४ जना भेन्टिलेटरमा उपचाररत छन् ।


## राजविराजको मेनरोडमा कोठा भाडा चाहिएमा

राजविराज नगरपालिका साविक ३ हाल वडा नं. ४ मेनरोडमा दोश्रो तल्लामा बैंक तथा बित्तिय संस्था, बिमा कम्पनी, संघ संस्था तथा अन्य प्रयोजनका लागि कोठा भाडामा चाहिएमा तु-सम्पर्क गर्नुहोस् ।
**लाकेशन : कामना सेवा विकास बैंकको माथी**
**सम्पर्क नं. ९८४२८२१०८२, ९८१९७२५०८२**
**राजविराज**


# सूचना

**हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरूले सञ्चार क्षेत्रको हवाला दिँदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रूपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।**

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**





देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु →

ipay remit | CITY EXPRESS Money Transfer | Best Remit Quick & Easy | PRABHU Money Transfer | IME International Money Express | himal remit हिमालरेमिट | CG Money

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*